**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १८ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज नेपालका नवनियुक्त अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीसँग फोन मार्फत कुराकानी गर्नुहुदै नेपाल-भारत सम्बन्ध र पारस्परिक हितका विषयमा छलफल गर्नुभयो|

- सिलगढीको बेन्गाडुबी सैन्य स्टेशनमा आयोजित स्पर्श पहुंचा कार्यक्रमको उद्घाटन चीफ आफ डिफेन्स स्टाफ जेनेरल अनिल चौहानले गर्नु भयो।

- केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज कोलकातामा नेक्स्ट जेनेरेसन गुड्स एण्ड सर्भिसेज ट्याक्स (जीएसटी) सुधारले देशको समग्र कर र राजस्व प्रणालीलाई आधुनिकीकरण र सरलीकरण गर्ने लक्ष्य राखेको बताउनुभएको छ|

- मङपू अदालतकी जुडिसियल मेजिस्ट्रेट अलकानन्द सरकारलाई मङपू अदालतबाट हटाउँनु पर्ने मांगलाई लिएर दार्जीलिङ बार एसोसोएसनका सदश्यहरूले आज मौन जुलूस निकालेका छन्|

- मौसम विभागले दार्जिलिङ, कालेबुङ, जलपाईगुड़ी, अलिपुरद्वार तथा कुचबिहारमा भारी वर्षा हुने सम्भावनालाई ध्यानमा राख्दै अरेञ्ज अलर्ट जारी गरिएको छ।

**<u>प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नेपालका नवनियुक्त अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीसँग फोन मार्फत कुराकानी गर्नुभयो। कुराकानीको क्रममा प्रधानमन्त्री कार्कीले श्री मोदीलाई उहाँको ७५ औं जन्मदिनको शुभकामना व्यक्त गर्नुभयो। श्रीमती कार्कीले भारत र नेपालबीचको शताब्दी पुरानो मैत्रीपूर्ण सम्बन्धको सम्झना गर्नुभयो र नेपालको पछिल्लो राजनीतिक घटनाक्रमको बारेमा प्रधानमन्त्रीलाई जानकारी गराउनुभयो।श्री मोदीले प्रधानमन्त्री कार्कीलाई नेपालको प्रधानमन्त्री बन्नुभएकोमा बधाई दिनुभयो र नेपाललाई भारतको निरन्तर सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले नेपालमा हालै ज्यान गुमाउनेप्रति हार्दिक समवेदना व्यक्त गर्नुभयो र श्रीमती कार्कीको शान्ति र स्थिरता ल्याउने प्रयासमा भारतको समर्थन दोहोऱ्याउनुभयो।वार्ताको क्रममा नेपाल-भारत सम्बन्ध र पारस्परिक हितका मुद्दाहरूमा छलफल भयो।श्री मोदीले श्रीमती कार्की र नेपालका जनतालाई भोलिको राष्ट्रिय दिवसमा हार्दिक शुभकामना पनि व्यक्त गर्नुभयो।

**<u>सिलगढी चीफ आफ डिफेन्स स्टाफ जेनेरल</u>**

सिलगढीको बेन्गाडुबी सैन्य स्टेशनमा आयोजित स्पर्श पहुंचा कार्यक्रमको उद्घाटन चीफ आफ डिफेन्स स्टाफ जेनेरल अनिल चौहानले गर्नु भयो। केन्द्र सरकारले भूतपूर्व सैनिकहरू तथा उनीहरूका परिवारको पेन्सन संबन्धित समस्याहरूको तत्काल समाधानका लागि सिस्टम फार पेन्सन एडमिनिस्ट्रेशन रक्षा पहल स्पर्श शुरू गरेको हो। आज को स्पर्श कार्यक्रम 214 कार्यक्रम हो।

**<u>सुन्नु होस हाम्रा सम्वाददाता अशोक चौरसियाको एक रिपोर्ट</u>**

**BYTE ASOK SIR**

**CDS**

पेन्सनधारीहरूको समस्या र गुनासो समाधानका लागि सम्बन्धित ब्याकहरूको डेडिकेटेड स्टलहरू लगाइएका थियो। स्पर्श कार्यक्रम प्रति पेन्सनधारीहरूले शन्तोष व्यक्त गरे---

बाइट पेन्सनधारी

यस कार्यक्रममा देशको सेवा गर्दै प्राणको आहुति दिने वीर नारीहरू वीर आमाहरू साथै उत्कृष्ट सेवा प्रदान गरि वीरता पदक विजेता भूतपूर्व सैनिकहरूलाई जेनरल अनिल चौहानले सम्मानित गर्नु भयो

सीडीएस जेनेरल अनिल चौहान आज दार्जिलिंग आउने कार्यक्रम पनि थियो तर खराब मौसमले उहा दार्जिलिंग आउन सक्नु भएन।

**कोलकाता-जीएसटी सुधार**

नेक्स्ट जेनेरेसन गुड्स एण्ड सर्भिसेज ट्याक्स (जीएसटी) सुधारले देशको समग्र कर र राजस्व प्रणालीलाई आधुनिकीकरण र सरलीकरण गर्ने लक्ष्य राखेको छ। केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज कोलकातामा नेक्स्ट जेनेरेसन गुड्स एण्ड सर्भिसेज ट्याक्स (जीएसटी) समितिको कार्यक्रममा यो कुरा बताउनुभएको हो। वित्तमन्त्रीले आठ वर्षअघि लागू गरिएको जीएसटी संरचनाको पुनर्संरचना गर्नुअघि हरेक पक्षको गहन समीक्षा गरिएको र राज्यहरूको रायलाई ध्यानमा राखिएको बताउनुभयो।

वित्तमन्त्रीले कर दरहरू मात्र घटाइएको छैन, तर आयकर ऐनलाई पनि सरलीकृत गरिएको बताउनुभयो। उहाँले नयाँ जीएसटी सुधारहरूबाट प्रत्येक नागरिक लाभान्वित हुने आश्वासन दिनुभयो। वित्तमन्त्रीले दुर्गा पूजाको ठीक अघि नयाँ कर दरहरू लागू गरिने बताउनुभयो।

**मुख्यमन्त्री ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज एक सामाजिक संजाल पोस्ट गर्नुहुदै राज्य सरकारले कानून अन्तर्गत धेरै आजीवन कारावासको सजाय पाएका कैदीहरूलाई रिहा गरेको बताउनुभएको छ। यसमा १४ वर्षभन्दा बढीको सजाय पूरा गरेकाहरू पनि समावेश छन्।ममता बनर्जीले, "२०११ देखि, ८४० यस्ता कैदीहरूलाई रिहा गरिएको बताउनुभएको छ अनि हाल , यसै कानून मार्फत ४५ जनालाई रिहा गरिँदैछ र उहाँले उनीहरूका परिवारलाई बधाई दिनुभएको छ।"मुख्यमन्त्रीले यी कैदीहरूलाई उनीहरूको जेल जीवनको राम्रो व्यवहारको सम्मानमा रिहा गरिएको बताउनुभएको छ।मुख्यमन्त्रीले रिहा गरिएका कैदीहरूले अब नयाँ जीवन सुरु गर्नेछन् र असल नागरिकको रूपमा समाजमा योगदान गर्नेछन् भनि आशा व्यक्त गर्नुभएको छ। पश्चिम बंगाल प्रदेश भाजपा अध्यक्ष शमिक भट्टाचार्य, केन्द्रीय शिक्षा राज्यमन्त्री सुकान्त मजुमदार, प्रसिद्ध अर्थशास्त्री तथा विधायक अशोक लाहिरी, स्वप्न दासगुप्ता र दिनेश त्रिवेदी पनि कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो।

**मुख्यमन्त्री गगनेन्द्रनाथ ठाकुर**

मुख्यमन्त्री ममता ब्यनर्जीले आधुनिक भारतीय चित्रकलाका प्रणेता गगनेन्द्रनाथ ठाकुरको जयन्तीमा उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। आज उहाँले एक सामाजिक संजाल पोस्टमा, आधुनिक भारतीय कलाका महान पथप्रदर्शकलाई जन्मदिवसमा आफ्नो पक्षबाट श्रद्धा अनि प्रमाण अर्पण गर्दछु भनी लेख्नुभएको छ। गगनेन्द्रनाथ ठाकुरको जन्म वर्ष 1867- मा कोलकातामा भएको थियो। उहाँ नोबेल पुरस्कार विजेता कवि रवीन्द्रनाथ ठाकुरका दाज्यु ज्योतिरिन्द्रनाथ ठाकुरका छोरा थिए। भारतीय कला जगतमा उहाँको नाम आधुनिक चित्रकला आन्दोलनका महत्वपूर्ण स्तम्भहरू मध्ये एक हुन्।उहाँको चित्रकलामा बंगालको पुनर्जागरण अनि समाज सुधारको झलक देख्न पाइन्छ। गगनेन्द्रनाथ ठाकुरले जापानी चित्रशैलीबाट प्रेरित भएर भारतीय कलालाई नयाँ रूप दिए। ज्योतिरिन्द्रनाथको चित्रहरूमा देशको संस्कृति, समाज तथा आमजनको जीवन स्पष्ट रूपमा झल्किन्छ।

**आकाशवाणी खर्साङ्ग**

आकाशवाणी खर्साङ्गले आज स्वच्छता पखवाडा पर्व पालन गर्यो। यस अवसरमा आफ्नो ठाँउको साफसफाई अनि स्वच्छ परिवेश निर्माण गर्न उपस्थित सहभागी कर्मचारीहरुलाई आकाशवाणी खर्साङ्गका कार्यक्रम प्रमुख राजिब सुब्बा र ट्रान्समिशन प्रमुख मिगमा दोर्जे लामाले शपथ ग्रहण गराउनु भयो कार्यक्रम बारे बताउनुहुदै आकाशवाणी खर्साङ्गका कार्यक्रम

प्रमुख राजिब सुब्बाले यो कार्यक्रम को मुल उदेश्य मानिसहरुमा स्वच्छता प्रति जागरुकता सृजना गर्नु रहेको तथा यो कार्यक्रमको समापन आउँदो २ अक्टोबर गान्धी जयन्तीको दिन हुने जानकारी दिनुभयो ।

**कालिम्पोंग प्रतिमा स्थापना**

आज कालिम्पोंग डेलो पार्कमा नेपाली संगीतिको महान् गायक गोपाल योञ्जनको प्रतिमा स्थापना गरिएको छ । यो प्रतिमा गोर्खाल्याण्ड छेत्रीय प्रशासन(GTA) र गोपाल योञ्जन प्रतिष्ठान समिति, दार्जिलिङ्ग तथा कालिम्पोंगको सहयोगमा राखिएको हो । प्रतिमाको उद्घाटन कालिम्पोंगका विधायक रुदेन् लेप्चाले गरे । यस कार्यक्रममा विभिन्न संघ–संगठनको उपस्थिति रहेको थियो प्रतिमाको अनावरण कार्यक्रमपछि कालिम्पोंग टाउन हलमा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । विभिन्न कलाकारहरू तथा समूहहरूले प्रस्तुति दिँदै गोपाल योञ्जनज्यूको योगदान र उहाँको नेपाली संगीत र संस्कृतिमा अमूल्य भूमिकालाई स्मरण गरिएको थियो ।

**फूल उत्सव**

दार्जीलिङमा आगामी 17 अक्टोबरदेखि दार्जीलिङ फूल उत्सव पालन गरिने भएको छ। ठकुरी नर्सरीद्वारा स्थानीय गोर्खा रङ्गमञ्च भवन परिसरमा आयोजना गरिने यस फूल प्रदर्शनी एवं उत्सवको अवसरमा दार्जीलिङ पहाड़का विभिन्न स्थानहरूबाट फूल उद्यमीहरूलाई सामेल भइदिने पनि ठकुरी नर्सरीले अपील गरेको छ।

**मौसम**

बंगालमा दुर्गा पूजापूर्व मौसमको स्वरूप फेरिएको छ। लगातार बादल लाग्नको साथै केही जिल्लाहरूमा वर्षा भइरहेको छ। बंगालको खाड़ीमा निरन्तर नमी आइरहेकोले आगाी दिनमा राज्यमा वर्षाको श्रृङ्खला जारी रहनेछ।आज कोलकाता लगायत दक्षिण बंगालका अधिकांश जिल्लाहरूमा मेघ गर्जनसितै हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ। पुरुलिया, बाँकुड़ा, पूर्व अनि पश्चिम बर्दवान, बीरभूम, मुर्शिदाबाद तथा नदियामा तीव्र हावासितै वर्षा हुने संभवाना छ। भोलि दक्षिण 24 परगना, उत्तर 24 परगना, हावड़ाा, हुगली, पूर्व र पश्चिम मेदिनीपुर तथा झाड़ग्राममा वर्षा हुने सम्भावना छ।यता उत्तर बंगालका दार्जिलिङ, कालेबुङ, जलपाईगुड़ी, अलिपुरद्वार तथा कुचबिहारमा भारी वर्षा हुने सम्भावनालाई ध्यानमा राख्दै अरेञ्ज अलर्ट जारी गरिएको छ। आगामी दुई देखितीन दिनसम्म यी जिल्लाहरूमा 7-11 सेन्टीमीटरसम्म वर्षा हुनसक्छ। भोलि उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र मालदामा मेघ गर्जन सहित वर्षा अनि हावा चल्ने सम्भावना छ।

*********